राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

१६ औं वार्षिकोत्सव




वर्ष-१६ ।। अङ्क : १२१ ॥ २०८१ जेठ २९ गते मंगलबार (11th Jun 2024 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

## तीन पालिकामा विपद्को बढी जोखिम

# सेनाले गरायो पूर्वतयारी अभ्यास

झापा(प्रस) । यस वर्षको मनसुनमा बाढी र डुबानको समस्याबाट बढी प्रभावित हुनसक्ने झापाका तीन पालिकामा नेपाली सेनाले विपद्सम्बन्धी पूर्वतयारी तालिम अभ्यास गराएको छ । विपद्बाट जोगाउन नेपाली सेनाको अरिदमन गण चारआली व्यारेकले कचनकवल , झापा र गौरीगञ्ज गाउँपालिकामा गएर स्थलगत रुपमा पूर्वतयारी तालिम अभ्यास गराएको हो । कचनकवलको घेरावारी , झापा गाउँपालिकाको कुमरखोद र गौरीगञ्जको कोरोवारीमा पाँच दिनको तालिम अभ्यास गराएको हो । जसबाट पाँच सयभन्दा बढी स्थानीय लाभान्वित भएको गणले जनाएको छ । अरिदमन गणले संचालन गरेको पाँच दिनको स्थलगत तालिम अभ्यासको क्रममा बढी जोखिम भएका दक्षिणी भेगका बासिन्दालाई बाढी , डुबानलगायत सर्पदंशसम्बन्धी जनचेतना प्रदान गरिएको गणपति, प्रमुख सेनानी प्राजु बस्न्यातले बताए । साथै मनसुनको सिजनमा कुनै पनि किसिमको विपद् आइपरेको खण्डमा सम्बन्धित स्थानमा खटिएका सुरक्षा निकायलगायत स्थानीयहरुसंग समन्वय गरी कार्य गर्न सहज हुने कुरा सिकाइएको गणपति बस्न्यातले जानकारी दिए । अन्तिम दिन जेठ २७ गते अरिदमन गणको एल.आर.पी.टोलीले गौरीगञ्ज गाउँपालिका २ स्थित कोरोवारी इलाकामा स्थानीय जनप्रतिनिधि,सुरक्षा निकायका प्रतिनिधि र स्थानीयको उपस्थितिमा डुबानमा परेका घाइते तथा बिरामीहरूको उद्धार तथा




सर्पदंश सम्वन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरेको थियो । गाउँपालिका अध्यक्ष फूलवती राजवंशी , उपाध्यक्ष पुजन न्यौपाने कुँवर , वडाध्यक्ष किनालाल राजवंशीलगायतको उपस्थिति रहेको कार्यक्रममा करिव १५० जनालाई तालिम दिइएको थियो ।

यस वर्षको मनसुनमा झापा जिल्लामा ४२ हजारभन्दा बढी मानिस बाढी र डुबानको समस्याबाट प्रभावित हुनसक्ने प्रक्षेपण गरिएको छ। जिल्ला विपद् व्यवस्थापन समितिले तयार पारेको जिल्ला विपद् प्रतिकार्य योजना २०८१ अनुसार करिब ४२ हजार मानिस बाढी र डुबानबाट प्रभावित हुने अनुमान गरिएको हो ।

समितिको प्रक्षेपणअनुसार १५वटै पालिकाका नौ हजार घरपरिवार मनसुनजन्य विपद्बाट प्रभावित हुनेछन्। जिल्लामा मनसुनजन्य विपद्मा बाढीको समस्या धेरै हुने गरेको विगतको तथ्याङ्कले देखाउँछ। उक्त अनुमान अनुसार अहिलेदेखि नै जोखिम न्यूनीकरण र व्यवस्थापनको तयारी तीव्र बनाइएको समितिले जनाएको छ।

झापाका नौवटा नदीमा आउने बाढीबाट सबैभन्दा धेरै प्रभावित हुने गरेका छन्। जिल्ला विपद् व्यवस्थापन समितिको अभिलेखअनुसार कनकाई, मेची, बिरिङ, रतुवा, कमल, बनियानी, निन्दा, हडिया र टाङटिङ नदीमा आउने बाढीबाट स्थानीय बासिन्दा प्रभावित बन्ने गरेका छन्। दक्षिण-पश्चिम झापाको बाढी र डुबानको जोखिममा रहेका बाह्रदशी, झापा र गौरीगञ्ज पालिकामा उद्धार तथा राहत कार्यका लागि रबर बोटको व्यवस्था गरिसकेको प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले बताए।

विपद् व्यवस्थापन समितिले तयार पारेको जिल्ला विपद् प्रतिकार्य योजना २०८१ अनुसार कनकाई नदीको कटान र डुबानले यस वर्ष झापा, गौरीगञ्ज, शिवसताक्षी र कनकाई पालिकाका दुई हजार दुई सय ४९ घरका १० हजार तीन सय ४५ जना विस्थापित हुने सम्भावना छ।

मेची नदीबाट मेचीनगर, भद्रपुर नगरपालिका र कचनकवलका एक हजार ९० घरका पाँच हजार १४ र विरिङ नदीबाट कनकाई, बाह्रदशी, कचनकवल, झापा, अर्जुनधारा र बुद्धशान्ति पालिकाका दुई हजार एक सय १५ घरका नौ हजार सात सय २९ जना विस्थापित हुने सम्भावना छ।

यसैगरी, रतुवा नदीबाट दमक, कमल, गौरादह र गौरीगञ्जका एक हजार तीन सय ३० घर, कमल र बनियानीबाट गौरीगञ्ज, शिवसताक्षी र कमलका एक हजार १५ घर, निन्दाबाट मेचीनगरका एक सय ५०, हडिया नदीबाट बुद्धशान्ति र मेचीनगरका तीन सय ५० घर, टाङटिङबाट अर्जुनधाराका दुई सय ५० घर र देउनियाँ नदीबाट भद्रपुर र हल्दिबारीका चार सय ४५ घर विस्थापित हुन सक्ने प्रक्षेपण गरिएको समितिका अध्यक्ष एवं प्रजिअ बाँस्तोलाले जानकारी दिएका छन्।

## अभ्यासमा सशस्त्र प्रहरीको डुबेर मृत्यु

झापा(प्रस)। विपद् उद्धारसम्बन्धी अभ्यास गर्ने क्रममा एक जना सशस्त्र प्रहरीको डुबेर मृत्यु भएको छ । सोमबार बिहान सशस्त्र प्रहरीका जवान नरेन्द्र सिं धामीको सेती नदीमा डुबेर मृत्यु भएको हो ।

बिहान साढे ९ बजेतिर बझाङ सदरमुकाम नजिक भोपुर दरबारमा बाढीमा डुबेका व्यक्तिको उद्धारसम्बन्धी 'डेमो' अभ्यासका



क्रममा चैनपुर साना सहरी खानेपानी आयोजनाको ट्यांकीनजिक धामी बेहोस भएका थिए । उनी नदीमा टाँगिएको डोरीको सहारामा उद्धार अभ्यास गरिरहेका थिए । डुबेर बेहोस भएका उनलाई त्यहाँबाट उपचारको लागि जिल्ला अस्पताल पुऱ्याइएलगत्तै अस्पतालले मृतक भएको घोषणा गरेको थियो । मृतक धामी विपद व्यवस्थापनसम्बन्धी तालिमप्राप्त व्यक्ति भएको प्रहरीले जनाएको छ ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल रेडक्रस सोसाइटी र जयपृथ्वी नगरपालिकाको टोलीले विपद् उद्धारसम्बन्धी संयुक्त अभ्यास गर्ने क्रममा उक्त घटना भएको प्रमुख जिल्ला अधिकारी विश्वामित्र कुइँकेलले बताए । १० दिनदेखि चलिरहेको उक्त अभ्यासको सोमबार अन्तिम दिन थियो ।

## काँकरभिट्टा खानेपानीको अध्यक्षमा बुढाथोकी निर्वाचित




मेचीनगर(प्रस)। काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको अध्यक्षमा रोहित बुढाथोकी निर्वाचित भएका छन् । सोमवार बिहान सम्पन्न मतगणनाको अन्तिम नतिजा अनुसार लोकतान्त्रिक साझा प्यानलका उम्मेदवार रोहित बुढाथोकी १९९१ मतसहित अध्यक्षमा विजयी भएका हुन् । उनले प्रगतिशील समाजवादी प्यानलका सन्तोष आचार्यलाई १८३ मतले हराएका हुन् । आचार्यले १८०८मत पाएका छन् । त्यस्तै अध्यक्षका अर्का प्रत्यासी सुदर्शन खड्काले ३४६ मत प्राप्त गरेका छन् । त्यस्तै उपाध्यक्षमा प्रगतिशील समाजवादी प्यानलका गोबिन्द गिरी २२६६ मतसहित निर्वाचित हुँदा उनका प्रत्यासी लोकतान्त्रिक साझा प्यानलका राजु दाहालले १२१९ मत पाएका छन् । जुन १०४३ मतान्तर हो । सोही पदका अर्का उम्मेदवार कृष्ण सुवेदीले ६३० मत ल्याएका छन् । त्यस्तै सचिव पदमा लोकतान्त्रिकका बिशाल तामाङ १७४५ मत ल्याई निर्वाचित भएका छन् । उनले ८२ मतान्तरले प्रगतिशील प्यानलका दिलिप सुब्बालाई हराएका हुन् । सचिवका अर्का प्रत्यासी नरेन्द्र सिवाकोटीले ५९८ मत पाएका छन् । त्यस्तै कोषाध्यक्षमा प्रगतिशील प्यानलकी बिमला तामाङ २०६५ मत ल्याई निर्वाचित हुँदा उनका प्रत्यासी लोकतान्त्रिक प्यानलकी बिमला देबकोटाले १४६३मत ल्याएकी छन् । जुन ६०२ मतको अन्तर हो । कोषाध्यक्ष पदकै अर्की उम्मेदवार सुधादेवी खड्काले ३९८ मत ल्याएकी छन् । जम्मा १२ वटा पदमध्ये लोकतान्त्रिक प्यानलले अध्यक्ष र सचिवसहित चारवटा पद जितेको छ भने प्रगतिशील प्यानलले उपाध्यक्ष र कोषाध्यक्षसहित आठवटा पद जितेको छ । निर्वाचनमा कांग्रेस नेतृत्वमा लोकतान्त्रिक साझा प्यानल, एमालेको नेतृत्वमा प्रगतिशील समाजवादी प्यानल र राष्ट्रिय स्वतन्त्र पार्टीको स्वतन्त्र उम्मेद्वार समूह गरी तीनवटा प्यानल प्रतिस्पर्धामा रहेका थिए ।

## बिर्तामोड नगरपालिकाद्वारा बाख्रा वितरण



बिर्तामोड(प्रस)। बिर्तामोड नगरपालिकाले वडा नम्बर ६ मा बाख्रा वितरण गरेको छ । नगरको मेयर पकेट प्याकेज ग्रामीण बाख्रा साटासाट कार्यक्रमअन्तर्गत महिला कृषकहरुलाई सोमबार बाख्रा वितरण गरिएको हो । नगर प्रमुख पवित्रा महतारा प्रसाईले याग्राङ्ग सिङ्ग कृषक समूहलाई ४५ वटा पाठी र एउटा बोयर जातको बीउ बोका वितरण गरिन् । समूहमा रहेका १५ जनाले तीन-तीन वटाको दरले बाख्रा प्राप्त गरेका छन् ।

मेयर पकेट प्याकेज कार्यक्रमअन्तर्गत बाख्रा प्राप्त गरेको समूहले एक वर्षपछि त्यति नै संख्यामा बाख्रा अर्को समूहलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । सोमवार प्रदान गरिएको बाख्रा वडा नम्बर ८ को किशनभिट्टा व्यावसायिक तथा पशुपालन कृषक समूहबाट उपलव्ध गराईएको हो ।

नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ यता ७ सय २१ वटा बाख्रा वितरण गरिसकेको छ । साथै यस अवधिमा २ सय ४० वटा खोर पनि निर्माण गरिदिएको छ। बाख्रा वितरण गरेपछि नगरपालिकाले खोर निर्माणसंगै वीमा, खोप, सिजनको घाँस र औषधी उपचारमा समेत सहयोग गर्दै आएको छ ।

कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले ग्रामीण महिलाहरुको आर्थिक उपार्जनका लागि सञ्चालन गरिएको बाख्रा साटासाट कार्यक्रम प्रभावकारी बनेको बताइन् । उनले स्थानीय सरकारको अभ्यास सुरु भएसँगै मेयर पकेट कार्यक्रम सञ्चालन भएको र बाख्रा, बंगुर साटासाट कार्यक्रमले नगरपालिकाको लक्ष्य प्राप्त गरिरहेको दावी गरिन् । महिलाहरुले बाख्रापालन सुरु गरेपछि छोराछोरीको शिक्षा, चाडपर्व र घर खर्च चलाउन सघाउ पुगेको भन्दै नगर प्रमुख प्रसाईले बाख्रालाई राम्रो पालनपोषण गरेर मनग्य आम्दानी लिन आग्रह गरिन् ।

बिर्तामोडमा बाख्रापालनमा १५ वटा महिला कृषक समूह रहेको पशुपंछी तथा मत्स्य विकास शाखा प्रमुख सावित्रा दाहालले जानकारी दिइन् । उनले यस कार्यक्रमअन्तर्गत कृषकहरुले वार्षिक ६० हजारदेखि ३ लाख रुपैयाँसम्म आम्दानी गरेको जानकारी दिइन् ।

नगरले सुरुवातमा २ लाख ६५ हजार लगानी गरेर बाख्रा खरिद गरी मेयर पकेटअन्तर्गत बाख्रा साटासाट कार्यक्रमलाई अघि बढाएको थियो । आर्थिक विकास समिति संयोजक संगिता सिवाको अध्यक्षतामा आयोजित बाख्रा वितरण कार्यक्रममा स्थानीय विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको समेत उपस्थिति रहेको थियो ।

## मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु

झापा(प्रस)। आइतवार राति दमक नगरपालिका वडा नं.३ को मावा पुलस्थित दमक-मिक्लाजुङ कच्ची सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । राति १०.५० बजेको समयमा दमक ३को मावा पुलस्थित दमक-मिक्लाजुङ कच्ची सडकखण्डमा मधुमल्लाबाट दुम्सेतर्फ आउँदै गरेको मे ५ प ९७३१ नं. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक मोरङ मिक्लाजुङ गाउँपालिका वडा नं.१ स्थायी ठेगाना भई दमक नगरपालिका वडा नं.५ मा डेरा गरी बस्ने २२ वर्षीय सगुन राई गंभीर घाइते भएका थिए ।

टाउको, अनुहार र घुँडामा चोट लागेर उपचारको लागि आम्दा अस्पताल खरखरे दमकमा ल्याएकोमा राति ११.३५ बजे डाक्टरले मृत घोषणा गरेका थिए । मृतकको शव सोही अस्पतालमा रहेको र मोटरसाइकल प्रहरी चौकी बाघखोरले नियन्त्रणमा लिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

## कोशीबाट भित्रियो मनसुन प्रणाली

झापा(प्रस)। यस वर्षको मनसुन प्रणाली कोशी प्रदेशको पूर्वी भू-भागमा सोमवारदेखि भित्रिएको छ । नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ हो ।

यस वर्षको मनसुन सरदर मितिभन्दा तीन दिन छिटो भित्रिएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । नेपालको अन्य भू-भागमा केही दिनमा क्रमिक रुपमा मनसुन हुने अनुमान गरिएको छ । आगामी मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।



# सन्दीपले वेस्ट इन्डिजमा विश्वकप खेल्ने



झापा(प्रस)।राष्ट्रिय क्रिकेट टोलीका लेग स्पिनर सन्दीप लामिछानेले वेस्ट इन्डिजमा आइसीसी टी-२० विश्वकप खेल्ने भएका छन्। यसअघि अमेरिकाले भिसा दिन अस्वीकार गरेका कारण अमेरिकाको दुई खेलबाट बन्चित भएका सन्दीपले वेस्ट इन्डिजमा समूह चरणका दुई खेल खेल्ने पक्का भएको हो। नेपाल क्रिकेट संघ (क्यान) ले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै सन्दीपलाई वेस्ट इन्डिजमा हुने विश्वकपमा बाँकी खेल खेल्न टोलीमा समावेश गरिएको जानकारी दिएको छ। विश्वकप खेल्न सन्दीप वेस्ट इन्डिज पुगिसकेको क्यानले जनाएको छ।टी-२० विश्वकपको समूह 'डी' मा रहेको नेपालले जेठ ३२ मा दक्षिण अफ्रिकासँग र असार २ मा बङ्गलादेशसँग सेन्ट भिसेन्टमा खेल्नेछ। यसअघि क्यानले सन्दीपलाई अमेरिकामा समेत खेलाउने तयारी गरेपनि नेपालस्थित अमेरिकी दूतावासले सन्दीपलाई दुई पटक भिसा दिन अस्विकार गरेको थियो। विश्वकपअन्तर्गत अमेरिकाको डालासमा भएको पहिलो खेलमा नेपाल नेदरल्यान्ड्स ६ विकेटले पराजित भएको थियो। नेपालले समूह चरणको दोस्रो खेल मङ्गलबार अमेरिकाको फ्लोरिडामा श्रीलंकासँग खेल्नेछ।

# मेचीनगरका गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति

झापा(प्रस)।झापाको मेचीनगर नगरपालिकाले नगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरेको छ। नगरपालिकाले शहीद विरेन राजवंशी छात्रवृत्ति कार्यक्रमअन्तर्गत २० लाख रुपैयाँ विनियोजन गरी नगरका ९ वटा सामुदायिक विद्यालयका कक्षा ११ र १२ मा अध्ययनरत ६५९ जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको हो। छात्रवृत्ति कार्यक्रमअन्तर्गत मेचीनगर २ को मेची जनसाधारण मावि (२२ जना) र भानु मावि (३१ जना), मेचीनगर ६ काँकडभिट्टा मावि



(१७८ जना), मेचीनगर ८ आदर्श मावि (९८ जना), मेचीनगर ९ कवि शिरोमणि मावि (१० जना), मेचीनगर १० धुलाबारी मावि (१८९ जना), मेचीनगर ११ बलभद्र जनता मावि (३७ जना), मेचीनगर १२ सरस्वती बालकल्याण मावि (४० जना) र मेचीनगर १३ शहीद दशरथ मावि का (५३ जना) विद्यार्थीलाई नगद ३ हजारका दरले छात्रवृत्ति वितरण गरिएको छ। आइतबार आदर्श माविका विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्न मेचीनगर प्रमुख गोपालचन्द्र बुढाथोकी र नगर शिक्षा अधिकारी होम भण्डारी विद्यालयमै पुगेर विद्यार्थीलाई छात्रवृत्ति वितरण गरे। उक्त कार्यक्रममा बोल्दै नगर प्रमुख बुढाथोकीले विद्यार्थीलाई उच्च शिक्षाको लागि हौसला प्रदान गर्न नगरपालिकाले छात्रवृत्ति वितरण गर्दै आएको बताए। पछिल्लो समय १२ पास गर्नेबित्तिकै विदेश जाने लहर चलेको छ। जसको कारण सीप भएका दक्ष जनशक्ति स्वदेशमा पाउन छाडिएको छ। उनले भने 'अब स्वदेशमा नै आत्मनिर्भर भएर बस्ने परिस्थिति सृजना गर्न आवश्यक रहेको छ।' त्यसका लागि स्थानीय तहको तर्फबाट आफूहरू लागिपरिरहेको बताए। तर यसलाई सार्थक बनाउन स्थानीय तहसँगै संघ र प्रदेश पनि लागिपर्नुपर्ने उनले बताए।

आदर्श मावि विद्यालय व्यवस्थापन समिति अध्यक्ष पूर्णबहादुर खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य प्रधानाध्यापक कृष्ण पुरीले गरेका थिए। कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख बुढाथोकी, विशिष्ठ अतिथि नगर शिक्षा अधिकारी भण्डारी, सहायक प्रअ हेमन्त निरौलालगायतका शिक्षक र विद्यार्थीहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन विद्यालयका सहायक प्रअ लम्बोदर पौडेलले गरेका थिए।

# ट्याम्पोसहित भन्सार छलेर ल्याएको सुर्ती बरामद

झापा(प्रस)। प्रहरीले भन्सार छलेर ल्याएको धुलो सुर्तीसहित इलेक्ट्रिक ट्याम्पो र चालकलाई नियन्त्रणमा लिएर भन्सार बुझाएको छ। वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा भद्रपुर नगरपालिका-३ स्थित ज्ञानेचोकमा आइतबार साँझ ६:४० मिनेटमा प्र १-०१-००२ ह २१६० नम्बरको इलेक्ट्रिक ट्याम्पोलाई रोकेर चेकजाँच गरेको थियो।



प्रहरीले सो ट्याम्पोमा भारतबाट अवैध रुपमा नेपाल भित्र्याएकोमा सात बोरा धुलो सुर्ती बरामद गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

प्रहरीले बरामद गरिएको सुर्ती, ट्याम्पो र ट्याम्पो चालक हल्दिबारी गाउँपालिका-२ बस्ने वर्ष ४० का हरिपलाल राजवंशीलाई ६ लाख ७० हजार मूल्यांकन तोकेर सोमबार भद्रपुर भन्सार कार्यालय बुझाइसकेको छ। ट्याम्पो चालक राजवंशी एक लाख ७० हजार धरौटी बुझाएर छुटेको जनाइएको छ।

# कोशी सरकारले बनायो वार्ता समिति

झापा(प्रस)। कोशी प्रदेश सकारले आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर रानामगरको संयोजकत्वमा राजनीतिक तथा शान्ति वार्ता समिति गठन गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले ३ सदस्यीय समिति गठन गरेको हो। समितिको सदस्यमा भौतिक पूर्वाधार विकासमन्त्री गणेशप्रसाद उप्रेती र आन्तरिक मामिला तथा कानुनमन्त्री लीलावल्लभ अधिकारी सदस्य छन्। समितिमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव लक्ष्मीप्रसाद पौडेल सदस्यसचिव रहनेछन्।

टोलीले प्रदेशको नामकरणको विरोधमा आन्दोलन गरिरहेको पहिचान पक्षधरलगायत राजनीतिकरुपमा असन्तुष्ट रहेका पक्षसँग वार्ता गरेर समस्याको समाधान खोज्ने बताइएको



छ। राजनीतिक, आर्थिक र सामाजिक तथा पहिचानका सम्बन्धमा देखा परेका समस्याको समाधान वार्ता र संवादबाटै शान्तिपूर्णरूपमा गर्ने उद्देश्यअनुरुप वार्ता समिति गठन गरिएको प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री लीलावल्लभ अधिकारीले जानकारी दिए।

त्यस्तै मन्त्रिपरिषद् बैठकले प्रदेश योजना आयोगका सदस्यहरू मनोनयन गरेको छ। आयोगको सदस्यमा काठमाडौँका डा. सीताराम बस्नेत, सोलुखुम्बु (हाल धरान)का किशोरकुमार राई, धरानका भवानी बराल र विराटनगरकी नमिता न्यौपानेलाई मनोनीत गरिएको अधिकारीले बताए। बस्नेत र राई एमाले तथा बराल र न्यौपाने माओवादीमा आबद्ध छन्।

आयोगको उपाध्यक्षमा यसअघि नै डा. राजेन्द्र अधिकारी नियुक्त भइसकेका छन्। सदस्य मनोनीत भएसँगै पूर्णता पाएको आयोग अब ५ सदस्यीय भएको छ मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारलाई आर्थिक भार नपर्ने गरी प्रदेशसभा सदस्य राजन किराँती र सम्फना तामाङको क्यानडाको वैदेशिक भ्रमणलाई स्वीकृत गर्ने तथा कूटनीतिक राहदानीका लागि नेपाल सरकारलाई सिफारिस गर्ने निर्णयसमेत गरेको छ।

# दुर्घटनामा असई र हवल्दारको ज्यान गयो



झापा(प्रस)। सिन्धुलीको फिक्कल गाउँपालिकामा भएको मोटरसाइकल दुर्घटनामा परी घाइते भएका प्रहरी सहायक हवल्दार सूर्यकुमार श्रेष्ठको पनि मृत्यु भएको छ।

सिन्धुली प्रहरीका एसपी गोविन्द काफ्लेका अनुसार श्रेष्ठको उपचारका क्रममा काठमाडौँको प्रहरी अस्पतालमा मृत्यु भएको हो। गम्भीर घाइते भएका श्रेष्ठलाई गोलन्जोरको खुर्कोटमा रहेको सुनकोशी सामुदायिक अस्पतालमा उपचारपछि हेलिकप्टरबाट प्रहरी अस्पताल लगिएको थियो।

गस्ती गर्दै चौकीतर्फ फर्कने क्रममा फिक्कल गाउँपालिका-५ भगडेबेंसीको भित्री सडकमा आइतबार अपराह्न भएको दुर्घटनामा परी रत्नावती प्रहरी चौकी इन्चार्ज प्रहरी सहायक निरीक्षक रविन्द्र ठाकुरको उपचारका क्रममा आइतबारै सुनकोशी सामुदायिक अस्पताल खुर्कोटमा मृत्यु भएको थियो। धनुषाको कमला नगरपालिका-९ घर भएका ठाकुरको शव सिन्धुली अस्पतालमा पोस्टमार्टमपश्चात् सोमबार परिवारको जिम्मा लगाइएको प्रहरीले जनाएको छ।

प्रदेश ३-०२-००१ब ४७९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकबाट ५० मिटर तल खस्दा दुर्घटना भएको प्रहरीले जनाएको छ।

# सांसद देवकोटालाई कारबाही गर्ने

झापा(प्रस)। पार्टीको ह्वीप उल्लंघन गर्दै मुख्यमन्त्री सुरेन्द्र पाण्डेलाई विश्वासको मत दिने गण्डकीका सांसद फणिन्द्र देवकोटालाई माओवादी केन्द्रले कारबाही गर्ने भएको छ। पार्टी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहालले नै देवकोटालाई कारबाही गर्ने जानकारी दिए।



स्वभाविक रुपमा पार्टीले ह्वीप जारी गरिसकेको भन्दै संविधान र कानुनको मर्म विपरीत 'फ्लोर क्रस' गरेकाले उनलाई निलम्बन गर्ने दाहालले बताए। 'जसले संविधान र कानुनको मर्म विपरीत 'फ्लोर क्रस' गरेकालाई त स्वभाविक रुपमा पार्टीले ह्वीप जारी गरिसकेको थियो। कारबाही हुन्छ। निलम्बन हुन्छ' भारत भ्रमणबाट स्वदेश फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यक्ष दाहालले भने।

माओवादीको चुनाव चिह्नबाट चुनाव उठेर जितेका देवकोटा बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीका नेता हुन्। तर उनको कानुनी हैसियत भने माओवादी सांसदको रुपमा थियो। त्यसैले माओवादीले मुख्यमन्त्री पाण्डेलाई मत नदिन ह्वीप जारी गरेको थियो तर सांसद देवकोटाले ह्वीप उल्लंघन गर्दै मत दिँदा मुख्यमन्त्री पाण्डेले प्रदेश सभामा विश्वासको मत पाए।

# बिर्तामोड ४ मा कर्मयोग भवन निर्माण

बिर्तामोड(प्रस)। झापाको बिर्तामोड नगरपालिका वडा नं ४ मा कर्मयोग भवन निर्माण भइरहेको छ। बिर्तामोडमै पहिलो पटक वडा नम्बर ४ स्थित मेघाबारी टोलमा कर्मयोग भवन निर्माण भइरहेको हो।

प्रदेश सरकारबाट विनियोजित २५ लाख रुपैयाँ मध्येबाट इलाम गजुर मुखी निर्माण सेवाले पहिलो तलाको ढलान र इटामात्र जडान गर्ने गरी भ्याटसहित १७ लाख १९ हजार ७६४ रुपयाँमा ठेक्का सम्झौता गरेको थियो। कम्पनीले ढलानको काम सम्पन्न गरेको छ भने इटा जोड्न बाँकी रहेको छ। प्लास्टर, भुइँ, बिजुली, पानी,



झ्यालढोकाको काम सम्झौतामा नभएको कम्पनीले जनाएको छ। भुइँ तलाको बाँकी काम सम्पन्न गर्न दाताहरुलाई सहयोगका लागि समितिले आह्वान गरेको छ। तीन तला डिजाइन रहेको भवनको बाँकी काम सम्पन्न गर्न प्रदेश तथा संघीय सरकारसँग थप बजेट माग गरिएको कर्मयोग भवन निर्माण समिति संयोजक भिमा शिवाकोटीले जानकारी दिइन्।

बिर्तामोडमा बहुसंख्यक मानिस कोठा भाडामा बस्ने गरेको र आफन्तको मृत्यु हुँदा काजकिरिया गर्न भाडाको घरमा समस्या हुने गरेकाले कर्मयोग भवन निर्माण गर्ने योजना अघि सारिएको शिवाकोटीले जानकारी दिइन्।

सिद्धिविनायक भजन कीर्तन मण्डलीले गत वर्ष आयोजना गरेको पुराणबाट संकलित रकम र दाताहरुबाट उठेको सहयोग रकमबाट कर्मयोग भवनका लागि सवा सोह्र धुर र बहुउद्देश्यीय सामुदायिक भवनका लागि साढे तेह्र धुर जग्गा खरिद गरिएको मण्डलीकी अध्यक्ष गितादेवी भण्डारी पोखरेलले जानकारी दिइन्। सिद्धिविनायक भजन कीर्तन मण्डलीले निर्माणका लागि अगुवाई गरेपनि कर्मयोग भवनको स्वामित्व ग्रहणका लागि सबैलाई उनले आग्रह गरेकी छन्।

# चक्कु प्रहार गरी फरार धिमाल पक्राउ

झापा(प्रस)। करिव तीन साताअघि बिर्तामोडमा चक्कु प्रहार गरी फरार रहेका बरुण धिमाल पक्राउ परेका छन्। फरार रहेका धिमाललाई खोजतलास गर्ने क्रममा आइतबार बुद्धशान्ति गाउँपालिका वडा नम्बर ३ पुलचोकबाट पक्राउ गरिएको हो। जेठ ६ गते राति ८:३० बजेको समयमा बुद्धशान्ति गाउँपालिका वडा नम्बर ३ घर भई बिर्तामोड नगरपालिका वडा न.३ स्थित विनिता ढकालको घरमा डेरा गरी बस्ने २८ वर्षीय धिमालले सुनसरी साबिक इटहरी नगरपालिका वडा नं.८ घर भई सोही घरमा डेरा गरी बस्ने वर्ष अन्दाजी ७० का काशीनाथ गौतमलाई पेट र शरीरको विभिन्न भागमा तरकारी काट्ने चक्कुले प्रहार गरी घाईते बनाई फरार भएका थिए। धिमाललाई झापा जिल्ला अदालतबाट ज्यान मार्ने उद्योग मुद्दामा ५ दिन म्याद थप गरी थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

**निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सूचना**

कोशी प्रदेश ,झापा जिल्ला,कमल गाउँपालिका वडा नं.-२ मा बस्ने श्री रामनारायण श्रेष्ठका छोरा,श्री मिना श्रेष्ठका पति,श्री नारायण श्रेष्ठको मिति वि.सं.२०७८/०३/०६ गते मृत्यु भएकोले निजको नाममा यस बैंकका शाखा कार्यालय गौरादहमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाऊँ भनी मृतकको श्रीमती श्री मिना श्रेष्ठले मिति वि.सं. २०८१/०२/१८मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुत प्रमाणसहित सम्बन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं**

- संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,
- मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# अपूरणीय क्षति हुनसक्छ

**नेपालमा गाँजा खेती खुला गर्ने बहस शुरु भएको छ । गाँजा खेतीले नै नेपाल समृद्ध बन्न सक्ने कतिपयले सपना देख्न थालेका छन् । यसमा अचम्मको राजनीतिक 'एकता' देखिएको छ । प्रतिनिधि सभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा गृहमन्त्रीले महिना दिनभित्र नियमावली बनाएर गाँजा खेतीका लागि कानुनी आधार तयार गर्ने घोषणा नै गरिदिएका छन् ।**

**हुन त नेपालमा प्रतिबन्ध लागेपछि पनि अवैधरूपमा लुकिछिपी गाँजा खेती भइरहेकै थियो । तर, गाँजाको खेती, ओसारपसार, बेचबिखन र प्रयोगसमेत दण्डनीय अपराध हुनाले नेपाली समाजका यसको दुष्प्रभाव भने नियन्त्रित नै छ । सम्भवतः यो प्रतिबन्धको सकारात्मक पक्ष हो ।**

**केही वर्षदेखि गाँजा खेती खुला गराउन एकाध जनप्रतिनिधिहरू खुलेरै लागेका देखिएका थिए । लुकिछिपी गाँजा खेती गर्ने क्षेत्रबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूका लागि गाँजा खेती खुला गर्ने विषय मतदाता आकर्षित गर्ने उपाय बनेको थियो ।**

**नेपालमा पनि गाँजामा प्रतिबन्ध लगाउने निर्णय अमेरिकालगायत पश्चिमी राष्ट्रहरू र मूलतः संयुक्त राष्ट्र संघकै अग्रसरतामा भएको थियो । कालान्तरमा औषधीय गुणका कारण गाँजाको नियन्त्रित खेतीका पक्षमा पहिले प्रतिबन्ध लगाउन अग्रसरहरू नै देखिनथालेपछि नेपालमा पनि यसलाई खुला गर्ने दबाब परेको हो ।**

**जति नै औषधीय गुणयुक्त भनिए पनि गाँजा लागूपदार्थ नै हो । यस्तै यसको खेती खुला गरिएपछि देशभित्र उपयोग पनि पक्कै ह्वात्तै बढ्नेछ । चर्को बेरोजगारी र असमानता भएको समाजमा विशेषगरी युवावर्गमा लागूपदार्थको कुलत व्यापक हुन्छ ।**

**अहिले विकसित पश्चिमी मुलुकहरूका लागि लागु पदार्थको सेवन र अवैध व्यापार सम्भवतः सबैभन्दा चर्को समस्या बनेको छ । गाँजा तिनमा प्रमुख नहोला तर एउटा त पक्कै पनि हो । नेपालमा पनि गाँजा खुला गरेपछि पर्ने दुष्प्रभावका सम्बन्धमा उपेक्षा गर्नु आत्मघाती मूर्खता हुनेछ ।**

**यसैले क्षणिक राजनीतिक वा आर्थिक लाभको लोभमा समाजमा पर्नसक्ने दीर्घकालीन दुष्प्रभावको बेवास्ता गरेर गाँजा खेती खुला गर्ने हौसिनु उचित हुँदैन । नेपालको कानुन कार्यान्वयनको अवस्था र राज्यका संयन्त्रमा व्याप्त भ्रष्टाचारलाई पनि यस क्रममा उपेक्षा गर्नु प्रत्युत्पादक हुनेछ ।**

**गाँजा खेती खुला गर्ने कानुन बनाउनुपूर्व व्यापक अध्ययन र समाजमा छलफल पनि हुनुपर्छ । हचुवामा गाँजा खेती खुला गर्ने निर्णय भयो भने त्यसबाट समाजमा अपूरणीय क्षति पनि हुनसक्छ ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# वन व्यवस्थापनका आधार



• यज्ञनाथ दाहाल

काठ, दाउरा, स्याउलासोत्तर र जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको आपूर्तिद्वारा स्थानीय जीविकोपार्जन तथा मुलुकको राष्ट्रिय अर्थतन्त्रको वृद्धिमा वन क्षेत्रको अहम् महत्व रहेको छ । कृषि अर्थतन्त्रको निर्माण, पर्यापर्यटन उद्यमशीलताको प्रवर्धन, जलस्रोतको दिगो विकास, जैविक विविधताको संरक्षण, प्राकृतिक सन्तुलन, स्वच्छ वातावरण तथा जलवायु परिवर्तनको न्यूनीकरण, अनुकूलन र समुदाय तथा पारिस्थितिकीय प्रणालीको उत्थानशीलता अभिवृद्धिमा पनि वन क्षेत्रको योगदान महत्वपूर्ण छ । नेपाल पक्ष रहेको संयुक्त राष्ट्रसंघीय दिगो विकासका प्रस्तावित लक्ष्यको ८० प्रतिशत अंश जैविक विविधता क्षेत्रको संरक्षण, संवर्धन तथा विकासमार्फत हुने अध्ययनबाट देखिएको छ । यसैगरी नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन खाका महासन्धि तथा पेरिस सम्झौता अनुसारका लक्ष्य प्राप्तिका लागि एक तिहाइ योगदान प्रकृतिमा आधारित समाधानबाट प्राप्त हुने विषय प्रस्ट उल्लेख छ ।

निजी वनको यकिन तथ्याङ्क नभए पनि नेपालको कुल भूभागको ४५.३१ (करिब ६७ लाख हेक्टर) प्रतिशत राष्ट्रिय वन क्षेत्र रहेको छ । राष्ट्रिय र निजी वनक्षेत्र गरी नेपालको आधाभन्दा बढी भूभागमा वन रहेको अनुमान गर्न सकिन्छ । नेपालमा ११८ वटा पारिस्थितिकीय प्रणालीहरू रहेका छन् भने वनमा दुई अर्ब ५६ करोड ३३ लाख रुख (१० सेमीभन्दा माथि व्यास भएका) रहेका छन् । यी वनले एक अर्ब पाँच करोड ५० लाख टन कार्बनडाइअक्साइड सञ्चित गरी राखेको छ । नेपालको वनमा प्रति हेक्टर करिब १६४ घनमिटर आयतन मौज्दात देखिन्छ । विश्वव्यापी रूपमा करिब सात हजार प्रजातिका वनस्पतिको औषधीय गुण भएको पछिल्लो अध्ययनले देखाएकोमा नेपालमा भने उपलब्ध वनस्पतिमध्ये करिब नौ सय प्रजातिमा यस्तो गुण रहेको वानस्पतिक रसायन अध्ययनबाट देखिएको छ ।

वन विकास गुरुयोजना, २०४५ को कार्यान्वयनले व्यापक जनसभागिता परिचालन हुने अवसर सिर्जना भयो । वन व्यवस्थापनमा आमूल रूपान्तरण नै देखियो । वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ को प्रावधानबमोजिम स्थानीय वन कार्यालयका प्रमुखले स्वीकृत गरेको कार्ययोजनाबमोजिम वनको व्यवस्थापनको जिम्मेवारी स्थानीय उपभोक्तालाई सुम्पियो । सामुदायिक वनको कार्ययोजनाबमोजिम वन व्यवस्थापनबाट आएका वन पैदावारको स्वतन्त्र मूल्य निर्धारण गरी विक्रीवितरण गर्ने अधिकार स्थानीय वन उपभोक्ता समूहलाई सुम्पिएर वन क्षेत्रमा रूपान्तरणकारी व्यवस्थाको अवलम्बन गरियो । यसको अतिरिक्त समुदायमा आधारित वन व्यवस्थापनका अन्य मोडेलहरू जस्तै साझेदारी वन व्यवस्थापन, कबुलियती वन व्यवस्थापन, धार्मिक वन व्यवस्थापन जस्ता नवीन अवधारणाबमोजिम पनि वन व्यवस्थापनका शैलीमा परिमार्जन गरियो ।

संविधान सभाबाट जारी नेपालको संविधान २०७२ ले राष्ट्रिय निकुञ्ज तथा आरक्षसम्बन्धी अधिकार संघीय सरकारमा रहेको छ भने राष्ट्रिय वन व्यवस्थापनको अधिकार प्रदेशमा रहेको छ । मूलभूत रूपमा जलाधार व्यवस्थापनको अधिकार स्थानीय तहमा सुम्पिएको छ । संविधानबमोजिम तीन तहमा रहने अधिकारलाई सम्बोधन गर्ने गरी वन ऐन, २०७६ जारी गरी सोको नियमवाली, २०७९ समेत कार्यान्वयनमा छ । संवैधानिक व्यवस्थाबमोजिम रहेको अधिकार सात वटै प्रदेशले प्रदेशस्तरीय वन ऐन जारी गरिसकेका छन् भने आआफ्ना वन नियमावलीसमेत प्रदेशहरूले लागु गर्दै लगेका छन् । नेपाल सरकारले प्रदेशको भावनालाई प्रतिविम्बित गर्दै राष्ट्रिय वन नीति, २०७५ समेत स्वीकृत गरिसकेको छ । सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र धार्मिक वन जस्ता समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अन्तर्गत ३१ हजारभन्दा बढी वन उपभोक्ता समूहहरू गठन भई करिब २५ लाख हेक्टर वन क्षेत्रको व्यवस्थापनमा लगभग ३४ लाख घरधुरी संलग्न रहेको देखिन्छ ।

सैद्धान्तिक मार्गदर्शन

मुलुकको समृद्धि र विकासमा प्राकृतिक स्रोतसाधनको अपरिहार्यतालाई अतिरञ्जित गर्नु आवश्यक छैन । यस्ता स्रोत खास गरी वनजन्य जैविक विविधताको जगेर्ना र सदुपयोग गर्दा निश्चित मार्गदर्शनको आधारमा गर्नुपर्ने विषयमा नीति निर्माता, योजनाकार र विषय-विज्ञहरू स्पष्ट हुनु जरुरी हुन्छ । सैद्धान्तिक मार्गदर्शनको चर्चा गर्दा पहिलो, वनस्रोतको व्यवस्थापनको आधार अन्तरपुस्तागत समतामा आधारित हुनु नितान्त आवश्यक छ । यो भनेको हालको पुस्ताले जुन रूपमा प्राकृतिक स्रोतसाधनको उपभोग गरिरहेको छ, आउने पुस्ताले पनि यस्तो स्रोतको उपयोगमा कुनै सम्झौता गर्ने अवस्था आउन दिनु हुन्न । अर्थात् वर्तमान पुस्ताले जुन रूपमा वन्यजन्य स्रोतको उपयोग गरिरहेको छ; आउने भावी सन्तान, दरसन्तानका लागि सकेसम्म अझ बढोत्तरी गरेर नसकेको खण्डमा अहिलेकै स्वरूप र मात्रामा वन्यस्रोतको उपलब्धता हुने गरी वनको व्यवस्थापन गर्नु वर्तमानको पुस्ताको प्रमुख जिम्मेवारी हो ।

दोस्रो, हामीले वनजन्य वस्तुको उपयोग गर्दा प्रकृतिसँग मैत्रीभाव र तादात्म्य कायम रहने गरी वनस्रोतको उपयोग गर्नुपर्ने हुन्छ । प्रकृतिमा खलल पुऱ्याउने ढङ्गले हामीले वनको उपयोग गर्नु हुन्न ।

तेस्रो, वनको दिगो व्यवस्थापन हुने गरी हाम्रा गतिविधि परिचालित हुनु पर्छ । अर्थात्, वर्तमान पुस्ताले आफ्ना आवश्यकता पूरा गर्दा भावी पुस्ताका आवश्यकतालाई सीमित तुल्याउने गरी चरम उपभोग गर्नु हुन्न भन्ने नै हो ।

चौथो, स्थानीय जीविकोपार्जन र राष्ट्रिय अर्थतन्त्रमा योगदान दिने गरी वनको संरक्षण, संवर्धन र व्यवस्थापन गर्नु पर्छ । लाभको अंश नभएमा वनको जगेर्नामा स्थानीय सहभागिता नजुट्ने र राष्ट्रिय लगानीको आधार पनि अर्थतन्त्रको वृद्धिमा हुने हुँदा वनको आर्थिक पक्ष पनि महत्वपूर्ण रहन्छ ।

पाँचौं, वनको पुनःउत्थान हुने गरी कार्य सञ्चालन गर्नु पर्छ । यसको अर्थ अहिले मानिसले प्रकृतिमाथि युद्ध छेडिरहेको छ । यस्तो युद्धले वन क्षेत्रको दिनानुदिन विनाश र क्षयीकरण भएर गएको छ । हामीले वन क्षेत्रको पुनःउत्थान हुने गरी काम नगर्ने हो भने माथि भनिएका चार वटै सैद्धान्तिक आधार स्खलित हुन्छन् । विनाश भएका, क्षतिग्रस्त वनक्षेत्रको पुनर्जीवन दिने किसिमले वनको व्यवस्थापन गरिनु पर्छ ।

छैटौं, समाजका महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, विपन्न वर्ग सबैलाई विकासको मूल प्रवाहमा ल्याएर कसैलाई पनि पछाडि नछोड्ने ध्येयले वन क्षेत्रको विकास र उन्नति गर्नु पर्छ । सातौं, वन क्षेत्रका हरेक योजनाको निर्माण, सोको कार्यान्वयन र लाभको साझेदारी गर्ने निर्णयमा सरोकारवालाहरू सबैको सक्रिय सहभागिता रहने सुनिश्चितता गर्नु पर्छ ।

नीतिगत मार्गदर्शन

बढ्दो जनसंख्या, विकासका पूर्वाधार निर्माणको चाप, गैरकानुनी कार्य, बर्सेनिको वन डढेलो, चरिचरणको दबाब जस्ता विविध कारणले वन क्षेत्रको विनाश, सङ्कुचन र क्षयीकरण भएको छ । यस्ता जोखिमको न्यूनीकरण गर्दै प्रकृतिप्रदत्त इकोसिस्टम सेवाको सतत आपूर्ति हुने गरी कार्य गर्ने नीति निर्देशन हुनु अत्यन्त जरुरी छ । काठ, दाउरा, स्याउला, घाँस, पतकर, जडीबुटी, पर्यापर्यटन, कार्बन व्यापार जस्ता वस्तु तथा सेवाको सतत आपूर्तिका लागि उद्यमशीलता प्रवर्धन हुने गरी क्रियाकलाप गर्नु पर्छ । वन्यजन्य वस्तुहरू जस्तै जडीबुटी, गैरकाष्ठ वन पैदावार र काठको गुणस्तर अभिवृद्धिद्वारा मूल्य अभिवृद्धि गरी उच्च मूल्यका वस्तु उत्पादन बढाउँदै स्वदेशी माग पूरा गर्दै अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने किसिमले कार्य गर्नु पर्छ ।

वनक्षेत्रको पूर्ण क्षमताको उपयोग हुने गरी व्यवस्थापन गर्नु आजको प्रमुख आवश्यकता हो । त्यसैले सबै प्रकारका र क्षेत्रका वनलाई दिगो वन व्यवस्थापनको व्यवस्थापकीय शैलीमा रूपान्तरण गर्दै जानु आजको आवश्यकता हो । सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, मध्यवर्ती क्षेत्रका वन, धार्मिक वन जस्ता वन व्यवस्थापनका सफल र सफल उन्मुख मोडेलहरूमा सामयिक सुधार गर्दै स्थानीय सरकारको प्रभावकारी समन्वय रहने गरी समुदायमा आधारित यस्ता वन व्यवस्थापन पद्धतिलाई गति दिने कार्यमा जोड दिनु पर्छ । जैविक विविधताको सुरक्षाको पूर्ण ग्यारेन्टी राज्यले लिनै पर्ने गरी योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गरी गतिविधि सञ्चालन हुने व्यवस्था मिलाउनु पर्छ । जमिनको उचित व्यवस्थापन गरी वन्यजन्य तथा कृषिजन्य वस्तुहरूको उत्पादनमा विविधता ल्याई भूमिको सघन व्यवस्थापनमार्फत आम्दानी र रोजगारी सिर्जना गर्ने कृषि वन प्रणालीको प्रभावकारी सञ्चालन गर्नु पर्छ ।

केही निश्चित वन्यजन्तुको संख्यामा वृद्धि, जङ्गलभित्र आवश्यक आहाराको कमी जस्ता कारणले हात्ती, बाघ, गैंडा, बँदेल, घोडगधा, बाँदर जस्ताको प्रकोपले स्थानीय जनसमुदाय अत्यधिक प्रभावित भएको वर्तमान अवस्थामा मानव वन्यजन्तु न्यूनीकरण हुने गरी काम गर्नु पर्छ । वन क्षेत्रमा सञ्चालित यावत् क्रियाकलापमा सुशासनको प्रभावकारी व्यवस्था मिलाउन ध्यान दिनु पर्छ । अध्ययन तथा अनुसन्धान, नवीनता प्रवर्धन, क्षमता विकास र प्रभावकारी योजना तर्जुमा समेत वन क्षेत्रको निमित्त अपरिहार्य छ ।

# राजनीति र प्रशासनबिचको अन्तरसम्बन्ध



• धनसूदन चौलागाई

संविधानबमोजिम सार्वभौमसत्ताको प्रयोग गरेर मुलुकको राजनीतिक, सामाजिक, आर्थिक, प्रशासनिक र परराष्ट्र मामिलासम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने कार्यको समष्टि राजनीति हो । लोकतान्त्रिक मुलुकमा आवधिक निर्वाचनद्धारा निर्वाचित जनप्रतिनिधि वा राजनीतिक नेतृत्वबाट यो कार्यसम्पादन गरिन्छ । राजनीतिक नेतृत्वबाट निर्माण गरिएका नीति, योजना र कार्यक्रम कार्यान्वयन, शान्ति सुव्यवस्था र अमनचयन कायम तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्य समष्टिमा प्रशासन हो । यो काम स्थायी संयन्त्रका रूपमा रहेको कर्मचारीतन्त्रले गर्छ । राजनीति र प्रशासन एकापसमा अन्योन्याश्रित तर फरक फरक संयन्त्र हुन् ।

प्रशासन र राजनीतिबिचको सम्बन्धबारे विश्वमा फरक फरक अभ्यास हुँदै आएका छन् । निरङ्कुश शासनमा शासकको आदेश नै सबथोक हुने हुँदा त्यहाँ प्रशासन शासकको आदेश पालकका रूपमा मात्र रहेको हुन्छ । त्यस्तै साम्यवादी मुलुकमा सत्तारूढ दलले नै मुलुकको सबै क्षेत्रलाई निर्देशित गर्ने हुँदा त्यहाँको सार्वजनिक प्रशासन पनि उक्त दलको निर्देशनबमोजिम चल्ने हुन्छ र दलप्रति प्रतिबद्ध रहने हुन्छ । लोकतन्त्र र विधिको शासन अवलम्बन गरेका मुलुकमा सार्वजनिक प्रशासन सरकारको नीतिप्रति प्रतिबद्ध तर दलप्रति तटस्थ रहने व्यवस्था गरिएको हुन्छ । राजनीतिक नेतृत्वले नीति निर्माण गर्ने गर्छ भने प्रशासनले नीति निर्माणमा आफूसँग भएको योग्यता, क्षमता, विज्ञता, अनुभव र आवश्यक सूचना उपलब्ध गराएर सहयोग गर्ने गर्छ । राजनीतिक नेतृत्वले निर्माण गरेका नीति कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी प्रशासनको हुन्छ । राजनीतिक नेतृत्वले नीति कार्यान्वयनमा निर्देशन, अनुगमन र सहजीकरण गर्छ । राजनीतिको परिकल्पना र दूरदृष्टिलाई नतिजामा परिणत गर्ने कार्य प्रशासनले गर्छ । यस अर्थमा प्रशासन राजनीतिको सहयोगी पनि हो । मुलुकको नीति तर्जुमा र कार्यान्वयनमा राजनीति र प्रशासन सँगसँगै रहने गर्छन् । यसरी राजनीति र प्रशासनबिच अन्योन्याश्रित सम्बन्ध रहन्छ ।

प्रशासन राजनीतिको सहयोगी अङ्ग हुनुले एक आपसमा सम्बन्ध हुँदाहुँदै यी दुईबिचका सम्बन्धमा केही सीमा रहन्छन् । राजनीतिक नेतृत्व निर्वाचनबाट आउने आवधिक, दलगत नीति तथा लोकप्रिय मतबाट निर्देशित र महत्वाकांक्षी प्रकृतिको हुन्छ भने सार्वजनिक प्रशासन निष्पक्ष, साझा र स्थायी प्रकृतिको संयन्त्र हो । यो नीति र विधिमा टिकेको हुन्छ । लोकतन्त्र र विधिको शासनको राम्ररी थिति बसिनसकेका मुलुकका राजनीतिक नेतृत्वमा क्षणिक लोकप्रियता, दलीय वा व्यक्तिगत स्वार्थका कार्यमा प्रशासनलाई दबाब दिने प्रवृत्ति पनि रहने गरेको पाइन्छ । प्रशासनले विनम्रतापूर्वक इन्कार गर्नु पर्छ । एक पटक तत्कालीन अमेरिकी राष्ट्रपति बिल क्लिन्टनले मलाई नाइँ भन्न सक्ने प्रशासक चाहिएको छ भनेको कुरा यहाँ सान्दर्भिक हुन्छ ।

नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउने नीति अङ्गीकार गरेको छ । संवैधानिक प्रावधान र प्रचलित कानुनले सार्वजनिक प्रशासनलाई मुलुकको कानुन र नीतिप्रति प्रतिबद्ध तर राजनीतिबाट तटस्थ रहन निर्दिष्ट गरेको छ । कर्मचारीका आचरणसम्बन्धी नियमले पनि राजनीतिक तटस्थता कायम राख्दै आफ्नो कर्तव्यप्रति जवाफदेही बनाउन खोजेका छन् । विभिन्न समयमा गठन भएका प्रशासन सुधार आयोगहरूले पनि मुलुकको सार्वजनिक प्रशासनलाई राजनीतिक प्रभावबाट मुक्त राख्न विभिन्न सुझाव दिएका छन् । न्यायालयबाट बेलाबखत भएका फैसलाले पनि सार्वजनिक प्रशासनलाई तटस्थ र निष्पक्ष राख्न महत्वपूर्ण योगदान गरेको छ । यति हुँदाहुँदै पनि नेपालको सार्वजनिक प्रशासन र राजनीतिबिचको सम्बन्ध अपेक्षित रूपमा अघि बढ्न सकेको देखिँदैन ।

सार्वजनिक प्रशासनलाई आफ्नो अनुकूल उपयोग गर्न खोज्ने प्रवृत्ति राजनीतिक नेतृत्वमा व्याप्त छ । कर्मचारी यन्त्रलाई तटस्थ, व्यावसायिक र नतिजामुखी बनाउनुको साटो यसमा व्यापक हस्तक्षेपका शृङ्खला चलिरहेकै छन् । सरकार परिवर्तनसँगै मन्त्रालयका सचिवदेखि कार्यालय र आयोजनाका प्रमुखसम्म आफू अनुकूलका व्यक्ति खोज्ने, योग्यता, क्षमता, दक्षता र प्रतिभाभन्दा आफ्नो भनेको मान्नेलाई रोज्ने प्रवृत्ति विद्यमान रहेको पाइन्छ । राजनीतिक नेतृत्व कर्मचारीको सरुवामा रमाउने र कर्मचारी राजनीतिक गतिविधि र शक्तिको अभ्यास गर्न अग्रसर हुने गरेको देखिन्छ । कर्मचारीले राजनीतिक नेतृत्वलाई नीति निर्माणमा आफूसँग भएको ज्ञान, अनुभव र दक्षताको उपयोग गरेर प्राविधिक रूपमा सघाउनु पर्ने हो तर राजनीतिक सल्लाहकारको भूमिका निर्वाह गर्न खोज्ने, दलीय राजनीतिमा संलग्न भई दलगत गतिविधिमा सक्रिय हुने गरेको देखिन्छ । यसबाट कर्मचारी र सरकारबिच अविश्वास र द्वन्द्वको अवस्था उत्पन्न हुने, सेवा प्रवाहमा प्रतिकूल असर पर्ने, सेवाग्राहीमा कर्मचारीको इमानदारिता एवं निष्पक्षतामा संशय उत्पन्न हुने र सधैँभरि आधा जसो कर्मचारीमा असुरक्षाको भावना र असन्तुष्टि रहने गरेको पाइन्छ । त्यस्तै अवसरको वितरण, जिम्मेवारी र सरुवा विशुद्ध प्रशासनिक प्रक्रिया हुन् । यसमा कर्मचारीबिच राजनीतिक पहुँच र पक्षधरताका आधारमा गरिने भेदभावले कर्मचारीको उत्प्रेरणा र मनोबल घट्छ । कार्यसम्पादनप्रति उदासीन र शिथिल बनाउँछ । अन्ततः सरकारका नीति, योजना र वार्षिक कार्यक्रम कार्यान्वयनको मूल लक्ष्य प्राप्तिमै यसले नकारात्मक असर पार्छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, सरकारको नीति र कार्यक्रमलाई दक्षता र प्रभावकारी रूपमा कार्यान्वयन गरी सुशासन, विकास र समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न र नागरिकमा लोकतन्त्रको लाभ अनुभूत गराउन सार्वजनिक प्रशासनलाई तटस्थ, सक्षम, व्यावसायिक, उच्च उत्प्रेरणा एवं मनोबलयुक्त र राजनीतिक हस्तक्षेपमुक्त बनाउनु अपरिहार्य छ । यसका लागि, पहिलो, सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ मा सामयिक परिमार्जन गरी सङ्घीय तथा प्रदेश सरकारका मन्त्री र सचिव तथा स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको अधिकार र जिम्मेवारी स्पष्ट पार्नु पर्छ । दोस्रो, राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवासम्बन्धी विद्यमान व्यवस्थामा सुधार गरी बढुवा समितिले सम्भाव्य उम्मेदवारमध्ये रिक्तको तीन गुणा बढी सिफारिस गर्ने मौजुदा व्यवस्था परिवर्तन गरी पदसंख्या जति हो त्यति नै सिफारिस गर्ने व्यवस्था गर्नु पर्छ ।

तेस्रो, राजपत्राङ्कित विशिष्ट र प्रथम श्रेणीका अधिकृतको जुनसुकै बेला सरुवा गर्न सकिने वर्तमान व्यवस्थामा सुधार गरी सरुवा वा पदस्थापन भएको एक वर्ष नपुगी सरुवा गर्न नमिल्ने व्यवस्था गर्नु पर्छ । चौथो, निजामती सेवामा रहेको बहु ट्रेड युनियनको विद्यमान व्यवस्था खारेज गरी एउटा मात्र आधिकारिक ट्रेड युनियन रहने र राजपत्र अनङ्कित कर्मचारी मात्र ट्रेड युनियनमा आबद्ध हुन पाउने व्यवस्था गर्नु पर्छ । आधिकारिक ट्रेड युनियनको निर्वाचनमा दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने उम्मेदवारले पनि पदाधिकारी मनोनित गर्न पाउने गरी सर्वपक्षीय प्रतिनिधित्व सुनिश्चित गर्दै पेसागत हकहितमा केन्द्रित गर्नु पर्छ । पाँचौं, कर्मचारीमा अन्तरनिहित प्रतिभा, क्षमता, अनुभव र सम्भावनाका आधारमा जिम्मेवारी दिने र कार्यविवरण तथा कार्यसम्पादन करारका आधारमा कर्मचारीको कामको वस्तुनिष्ट मूल्याङ्कन गर्ने व्यवस्था गरी कार्यसम्पादनलाई दबाब एवं प्रभावबाट मुक्त र नतिजामुखी बनाउनु पर्छ । छैठौं, कर्मचारी सरुवाको वस्तुनिष्ट मापदण्ड निर्माण गरी सरुवालाई स्वचालित, पारदर्शी र अनुमानयोग्य बनाउनु पर्छ । सातौं, वैदेशिक अध्ययन र भ्रमण जस्ता अवसरको वितरणलाई न्यायोचित, वस्तुनिष्ट मापदण्डमा आधारित र पारदर्शी बनाउनु पर्छ । आठौं, कर्मचारीको पेसागत आचरणसम्बन्धी मौजुदा नियमावलीमा सामयिक परिमार्जन गरी यसलाई बोधगम्य बनाउने र परिपालनाको सघन अनुगमन गर्ने व्यवस्था गर्नु पर्छ । नवौं, सार्वजनिक प्रशासनलाई सबल, सक्षम, तटस्थ र व्यावसायिक बनाउने कुरामा राजनीतिक नेतृत्वको पूर्ण प्रतिबद्धता हुनु पर्छ ।

अन्त्यमा, राजनीतिक नेतृत्वको सोच, लक्ष्य, नीति र प्रतिबद्धतालाई नतिजामा रूपान्तरण गर्ने र सरकार जनतासम्म पुग्ने माध्यम सार्वजनिक प्रशासन हो । सरकारको सफलता सबल, सक्षम र व्यावसायिक प्रशासनमा निर्भर गर्छ । यसका लागि सार्वजनिक प्रशासनलाई सक्षम, सबल, सरकारको नीतिप्रति प्रतिबद्ध तर राजनीतिक रूपमा तटस्थ, उच्च मनोबलयुक्त, राजनीतिक हस्तक्षेपमुक्त र व्यावसायिक बनाउनु अपरिहार्य छ ।

# लायन्स मनराम प्रतिष्ठानद्वारा शैक्षिक सामग्री वितरण



अर्जुनधारा(प्रस)। मनराम ग्रुपअन्तर्गत लायन्स मनराम प्रतिष्ठान २००५ ले झापा अर्जुनधाराका दुई वटा सामुदायिक विद्यालयमा शैक्षिक सामग्री वितरण गरेको छ। अर्जुनधारा-९स्थित कालिस्थान माध्यमिक विद्यालय र वडा नं १० स्थित सिंहबाहिनी आधारभूत विद्यालयमा शैक्षिक सामग्री वितरण गरिएको हो। नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङको पहलमा प्रतिष्ठानले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सहयोग गरेको संस्थापक उपाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले जानकारी दिए। प्रतिष्ठानका प्रतिनिधि बसन्त पौडेलका अनुसार कालिस्थान माविमा २३५ जना विद्यार्थीका लागि १७ सय वटा कपी, नौ सय वटा बलपेन, दुई सय ७५ वटा पेन्सिल, एक सय वटा इरेजर र एक सय वटा सार्पनर वितरण गरिएको हो। त्यसैगरी सिंहबाहिनी आविमा पाँच सय ६६ वटा कपी, एक सय ५० वटा बलपेन, पाँच सय वटा पेन्सिल, दुई सयवटा इरेजर र दुई सयवटा सार्पनर वितरण गरेको जनाइएको छ। लायन्स मनराम प्रतिष्ठानले शिक्षा क्षेत्रमा सहयोग गर्दै आएको छ। प्रतिष्ठानले देशको ७७ वटै जिल्लाका १५४ वटा विद्यालयमा पुस्तकालय स्थापनामा सहयोग गरेको छ। खासगरी प्रतिष्ठानले इलाम, पाँचथर, ताप्लेजुङ र संखुवासभाको शैक्षिक क्षेत्रमा सहयोग गर्दै आएको जनाइएको छ।

मनराम ग्रुपले बिर्तामोड १० मा मनराम गौशाला तथा छुर्पी प्रशोधन केन्द्र संचालन गरेको छ। त्यहाँ उत्पादित छुर्पी अमेरिका निर्यात हुने गरेको छ। वार्षिक १० लाख केजी छुर्पी अमेरिका पठाउने गरिएको प्रतिष्ठानका संस्थापक उपाध्यक्ष श्रेष्ठले जानकारी दिए।संस्थापक उपाध्यक्ष श्रेष्ठको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख तामाङ, अर्जुनधारा-१०का वडाध्यक्ष भूपेन्द्र न्यौपानेलगायतले शैक्षिक सामग्रीहरु विद्यार्थीलाई हस्तान्तरण गरेका थिए। उक्त कार्यक्रमको सञ्चालन शिक्षक गंगा पोखरेलले गरेकी थिइन्।

# बजेट माग्दै उपप्रमुख भट्टराई प्रदेश मन्त्रालयमा

दमक(प्रस)।दमक नगरपालिका उपप्रमुख रेगिना भट्टराईले आगामी आर्थिक बर्ष २०८१/०८२ का लागि कोशी प्रदेश सरकारसमक्ष बिभिन्न योजना पेश गरेकी छन्। नगरपालिकाभित्रका बिभिन्न योजनाहरु माग गर्दै दमक नगर उपप्रमुख भट्टराईले कोशी प्रदेशका बिभिन्न मन्त्रालयहरुमा योजना पेश गरेकी हुन्। सचिव लक्ष्मीप्रसाद भट्टराईसमक्ष दमकका बिभिन्न योजनाहरु बजेटमा समावेश गरिदिन माग गरेको हो।

दमकका वडामा रहेका आधारभूत स्वास्थ्य केन्द्रमा ल्याब सञ्चालन, दमक अस्पतालमा उपकरण थप, अपाङ्गता भएकाहरुलाई र महिलाहरुलाई सीप विकास तालिम तथा प्रबिधि हस्तान्तरण, बिभिन्न सामुदायिक



प्रदेश सरकारको आगामी आर्थिक बर्षको बजेट निर्माण भैरहेकोले उक्त बजेटमा दमकका बिभिन्न योजना समावेश गरी प्रदेश सरकारका मन्त्री तथा सचिवहरुसंग भेट गरी योजना माग गरेको उपप्रमुखका स्वकीय सचिव दिपेश दाहालले जानकारी दिए। दमक नगर उपप्रमुख भट्टराई, नेपाली कांग्रेस दमक नगर सभापति प्रकाश प्रसाईंसहितको टोलीले कोशी प्रदेशका भौतिक योजना मन्त्री गणेश उप्रेती, स्वास्थ्य मन्त्री राजेन्द्र कार्की, बन तथा पर्यटन राज्य मन्त्री बन्दना झाँगड तथा सामाजिक विकास मन्त्रालयका भवनहरुको स्तर उन्नति, सडकहरु निर्माणलगायतका बिभिन्न योजनाहरु माग गरेकी हुन्।

योजनाहरु समावेश गर्ने आश्वासनसमेत पाएको उपप्रमुख भट्टराईले बताइन्। मन्त्री र सचिवहरु आफ्ना मागमा सकारात्मक रहेकाले योजना पर्ने विश्वास रहेको उनले बताइन्।। नगरको विकास र नगरबासीका आकांक्षा नगरपालिकाले मात्रै पुरा गर्न नसक्ने भएकाले तीनै तहका सरकारहरुको सहकार्यमा नगरलाई समृद्ध बनाउने उनको भनाई रहेको छ।

# कूल खपतको ९७ प्रतिशत माछा स्वदेशकै

झापा(प्रस)। पछिल्लो एक दशकमा देशभर माछापालन उल्लेख्य वृद्धि भएको छ। कृषिका प्रमुख उपक्षेत्रमध्ये प्रचुर सम्भावना बोकेको मत्स्यक्षेत्रको वृद्धिदर विगत दश वर्षमा दोहोरो अंकमा रहेकाले यो आकर्षक व्यवसायका रुपमा स्थापित भएको केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रले जनाएको छ।

सानो संरचना र कम जनशक्तिका बाबजुद नेपालमा हाल मत्स्य उत्पादन १ लाख १३ हजार मेट्रिक टन रहेको छ। कृषि गार्हस्थ उत्पादनमा १.८३ प्रतिशत योगदान रहेको मत्स्यक्षेत्रको कूल गार्हस्थ उत्पादनमा ०.४४ प्रतिशत योगदान रहेको छ।

नेपालको भौगोलिक तथा जैविक विविधिता मत्स्य क्षेत्र विकासका लागि एउटा अवसर मानिन्छ तर प्रतिवर्ष प्रतिव्यक्ति माछा उपलब्धताका हिसाबले विश्व औसत २०.५ केजीको तुलनामा नेपालको धेरै कम अर्थात ३.९ केजी प्रतिव्यक्ति प्रतिवर्ष उपलब्ध छ। नेपालको पहाडदेखि तराईसम्म चिसो र न्यानो पानीमा फस्टाउन सक्ने माछाको व्यवसायिक पालन भइरहेको छ।

मत्स्य क्षेत्रको थप विस्तार र विकास गर्न सके देशमा सस्तो र सर्वसुलभ रुपमा प्राणीजन्य प्रोटिन आहार उपलब्ध गराउन सकिने प्रशस्त सम्भावना रहेको केन्द्रीय मत्स्य



प्रवर्द्धन तथा संरक्षण केन्द्रकी प्रमुख सरिता गौतम बताउँछिन्।

देशभर माछा उत्पादनको उपयुक्त देखिएका प्राकृतिक जलाशयहरू नदीनाला, तालतलैया, रिजरभ्वायर तथा संचित धानखेत गरी ८ लाख ८ हजार ५०० हेक्टर पहिचान भएको छ। जसबाट वार्षिक २१ हजार मेट्रिक टन माछा उत्पादन भएको छ।

आर्थिक वर्ष २०७९/८० मा देशभर कृत्रिम जलाशयतर्फ मुख्यगरी १४ हजार ७४५ हेक्टर पोखरीबाट ९२ हजार ७३६ मेट्रिक टन गरी कुल १ लाख १३ हजार ७३६ मेट्रिक टन खाने माछा उत्पादन भएको थियो। हाल मागको करिब ९७ प्रतिशत आन्तरिक उत्पादनबाट आपूर्ति भइरहेको केन्द्रले जनाएको छ।

त्यसले आन्तरिक खपत धान्न सकेन र भारतलगायत अन्य मुलुकबाट करिब ३ हजार ७३२ मेट्रिक टन माछा आयात भएको देखिन्छ। केन्द्रले भारतबाट आएको खाने माछामा फर्मालिन रसायनको परीक्षण गरेको छ। जसमा रोहु, नैनी, कमन, पंगास र रेन्बो ट्राउटलगायत ८ प्रकारका माछाको नमूना जाँच गर्दा कुनै पनि फर्मालिनको अवशेष नभेटिएको केन्द्रले जनाएको छ। फर्मालिन मानव शरीरमा प्रवेश गरेमा क्यान्सरलगायत विभिन्न किसिमका रोग लाग्न सक्ने भएकाले उक्त रसायनको परीक्षण गर्न जरुरी रहेको केन्द्रले जनाएको छ।केन्द्रकी सूचना अधिकारी सुमित्रा लौडारीका अनुसार, पोखरीमा मत्स्यपालनतर्फ हाल १ लाख ५० हजारभन्दा बढी कृषकहरूको संलग्नता रहेको पाइन्छ। त्यस्तै ट्राउट माछापालनतर्फ ३८ जिल्लाका कृषक परिवारले वार्षिक करिब १ हजार ७ मेट्रिक टन माछा उत्पादन गरी बेच्दै आएका छन्। अन्य माछापालन र प्राकृतिक जलाशयबाट माछा उत्पादन र बेचबिखन गर्नेसहित हाल करिब ५ लाखभन्दा बढीले पूर्णरुपमा एवं अल्पकालीन रोजगारीको अवसर प्राप्त गरेका पाइएको छ।

# सिक्कल प्रहार गरी आमाको हत्या गर्ने छोरा पक्राउ



झापा(प्रस)।आफ्नै आमाको हत्या आरोपमा भोजपुर अरुण गाउँपालिका-४ ल्याङडाँडा चरम्बीका ३४ वर्षीय मिलन तामाङ पक्राउ परेका छन्। आइतबार बेलुका पौने ६ बजे उनले आमा ६८ बर्षीया निरकुमारी तामाङलाई धारिलो हतियार सिक्कलले टाउकोमा प्रहार गरी हत्या गरेका थिए। घटना भएलगतै अस्थायी प्रहरी पोस्ट चरम्बी र इलाका प्रहरी कार्यालय तिवारी भञ्ज्याङबाट प्रहरी टोलीले छोरा मिलनलाई पक्राउ गरेको थियो। घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ।

# कृषि क्याम्पसलाई ३० लाख बराबरको जग्गा दान

झापा(प्रस)।इलाममा तीन वर्षयता सञ्चालन भइरहेको कृषि क्याम्पसलाई स्थानीय बसन्त खड्गीले जग्गा दान गरेका छन्। आफ्ना स्वर्गीय आमा-बुबा कृष्णमाया र चन्द्रबहादुरको स्मृतिमा खड्गीले क्याम्पसलाई जग्गा उपलब्ध गराएका हन्।

खड्गीले करिब ३० लाख रुपैयाँ मूल्य बराबरको एक रोपनी आठ



आना जग्गा क्याम्पसलाई दान गरेको क्याम्पस सञ्चालक समिति अध्यक्ष जसबहादुर लुंगेलीले बताए। अहिले क्याम्पस सञ्चालन भइरहेको स्थान बसपार्कनजिकै यो जग्गा रहेको छ। अहिले प्राप्त जग्गामा क्याम्पसको भवन निर्माणका लागि प्रक्रिया अघि बढाइने पनि अध्यक्ष लुङ्गेलीले बताए।

कोशी पहाडमै पहिलो र (बिएस्सी एजी) कृषि पढाइ हुने यो एकमात्र क्याम्पसमा देशभरका एक सय ४४ विद्यार्थी अध्ययनरत छन्। त्यहाँ कृषिअन्तर्गत बाली विज्ञान, माटो विज्ञान, बागवानीलगायतका विषयहरू पढाइ हुने गरेको क्याम्पस प्रमुख डा.योगेन्द्रमान श्रेष्ठले बताए। श्रेष्ठका अनुसार स्थानीय सरकारले जिल्लामा सञ्चालन गरेको यो पहिलो क्याम्पस पनि हो। अघिल्लो कार्यकालमा महेश बस्नेत प्रमुख हुँदा इलाम नगरपालिकाले यो क्याम्पस सञ्चालनमा ल्याएको थियो।

# ‘खुर्सानीलाई बियाँ’ सार्वजनिक




झापा(प्रस)। गायक राजनराज शिवाकोटी र गायिका सदिच्छा कट्टेलको स्वरमा रहेको गीत ‘खुर्सानीलाई बियाँ’ सार्वजनिक भएको छ। गीतमा राजेन्द्र थापाको शब्द र राजनराजको सङ्गीत छ। आफ्ना सिर्जनामा मौलिक सङ्गीतलाई महत्त्व दिने राजनराजले ‘खुर्सानीलाई बियाँ’मा पनि त्यही कार्यलाई निरन्तरता दिएका छन्। प्रसन्न पौडेल र प्रचण्ड पौडेल निर्देशित भिडियोमा यसराज गराच, सामारिका ढकाल,अनिशान्यौपाने र सरोज प्रजाको अभिनय छ। भिडियोमा ग्रामीण सौन्दर्य र आधुनिक मानसिकताका फ्युजन गरिएको छ। प्रकाश हमाल निर्माता रहेको भिडियोमा युमी बलामीको कोरियोग्राफी, राजुजङ्ग बस्नेतको सम्पादन, कुनालको कलर ग्रेडिङ र निशान पौडेलको छायाङ्कन छ। गीतको भिडियो भेल्भेट भाइब्स इन्टरटेनमेन्ट प्रोडक्सनबाट निर्माण गरिएको हो।

गायक तथा सङ्गीतकार राजनराजको ‘सुर्के थैली खै’, ‘कुटुमा कुटु’, ‘फुलबुट्टे सारी’, ‘चेप्टे चेप्टे पेरुङ्गो’, ‘चरीले काफल टिप्यो’लगायतका गीत सर्वाधिक रुचाइएका गीतमा पर्छन्।

त्यस्तै, सदिच्छाका गीत ‘माया रैछ र त भर रैछ नि’, ‘राजा रानी’, ‘चोरी चोरी’, ‘फर्की फर्की’ जस्ता हिट गीतमा पर्छन्।

# भोजपुरको प्याउलीमा आँखा उपचार केन्द्र

झापा(प्रस)। नेपाल नेत्रज्योति संघ भोजपुर र अरुण गाउँपालिकाको संयुक्त सहकार्यमा प्याउलीमा अरुण आँखा उपचार सेवा केन्द्र स्थापना गरिएको छ। जिल्लाको पूर्वी क्षेत्रका नागरिकलाई आँखा उपचार सेवा दिने उद्देश्यका साथ अरुण गाउँपालिकाको केन्द्र प्याउलीमा आँखा उपचार सेवा केन्द्र सञ्चालनमा ल्याएको संघका सभापति तेज मोक्तानले जानकारी दिए।

नेपाल नेत्रज्योति संघका केन्द्रीय महासचिव भरत चन्द र अरुण गाउँपालिकाका अध्यक्ष शालिकराम खत्रीले संयुक्तरुपमा उपचार केन्द्रको शुभारम्भ गरे। सो अवसरमा अध्यक्ष




खत्रीले आँखा उपचारको सेवाका लागि अन्यत्र जानुपर्ने अवस्थालाई अन्त्य गर्न सेवा केन्द्र स्थापना गरिएको बताए।

आफ्नै पालिकामा आँखा उपचार केन्द्र स्थापना भएर सञ्चालनमा आएपछि स्थानीयमा समेत खुसियाली छाएको गाउँपालिका उपाध्यक्ष विनिता ढकालले बताइन्। गाउँपालिकाभित्र सात वटा वडा छन् भने पौवादुङ गाउँपालिकाका नागरिकले पनि उपचार केन्द्रबाट सेवा पाउने छन्। नेपाल नेत्र ज्योति संघ भोजपुरको प्राविधिक सहयोगमा गाउँपालिकाले एक जना कर्मचारीसमेत नियुक्त गरिसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मणिराम खतिवडाले बताए। नेपाल नेत्रज्योति संघ भोजपुरका संस्थागत सभापति तेज मोक्तानको अध्यक्षतामा तथा नेपाल नेत्रज्योति संघका केन्द्रीय महासचिव चन्दको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो। सो अवसरमा नेपाल नेत्रज्योति संघ कोशी प्रदेशका अध्यक्ष श्यामसुन्दर उदास, केन्द्रीय प्रवक्ता द्रोण गुरागाई, संघका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्र, विराटनगर आँखा अस्पतालका अध्यक्ष पदमनारायण चौधरी र स्थानीय समाजसेवीलगायतको सहभागिता थियो।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस्।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र, पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस्।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६

विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन्। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। सौन्दर्यतामा धन खर्च हुनेछ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ। सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ। नयाँ काममा हात हाल्ने समय छ।

**सिंह** सरकारी निकायको भय रहला। शेयर बजारले पनि साथ नदेला।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला। तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ। विद्या र बुद्धिको विकास हुनेछ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ। सामान हराउने भय पनि छ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ। एउटै कामबाट दोहोरो लाभ